नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग

बबरमहल, काठमाडौं, नेपाल

## मसलन्द तथा कार्यालय सामान खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना नं.: ३-२०८१/०८२

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/११/२८ गते

यस विभागका लागि तपसिल अनुसारका मसलन्दा, स्टेशनरी तथा छपाई सम्बन्धी सामानहरु सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ अनुसारको सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईजाजतप्राप्त इच्छुक उद्योग/फर्म/कम्पनी/आपुर्तीकर्ताले फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।८१ को कर चुक्ता प्रमाणपत्र र व्यवसाय दर्ता प्रमाणपत्र नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी सहित निम्न बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. इजाजत प्राप्त इच्छुक योग्य उद्योग/फर्म/संस्था/कम्पनी/आपुर्तीकर्ताले देहाय बमोजिमको ठेक्का नं. उल्लेख गरी दरभाउपत्र पेश गर्नुपर्ने छ।

२. सिलबन्दी दरभाउपत्र दस्तुर बापत रु.१०००।०० (एक हजार- पछि फिर्ता नहुने) देहायको बैंकमा जम्मा गरेको सक्कल भौचर र निवेदनसाथ दरभाउपत्र खरिद गर्न सकिनेछ।

**बोलपत्र दस्तुर जम्मा गर्ने प्रयोजनको लागि विवरण :**

| | |
|---|---|
| बैंकको नाम | : राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखा |
| कार्यालयको नाम | : कोष तथा लेखा नियन्त्रक कार्यालय |
| कार्यालय कोड नं. | : ३५८०३३५०२ |
| कार्यालय खाता नं. | : क-१-१-९९९ |
| राजश्व शिर्षक नं. | : १४२२९ (अन्य प्रशासनिक शुल्क) |

३. सिलबन्दी दरभाउपत्र साथ जमानत वापत रु.५०,०००।०० (पचास हजार) कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलको नाममा रहेको १२०१२००००१००२५२४ नम्बरको नेपाल राष्ट्र बैंक बालुवाटार स्थित धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सोही रकम बराबर सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिनको अवधि रहेको नेपाल सरकारको मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकको बैंक जमानत पत्र (विड वण्ड) पेश गर्नुपर्ने छ । साथै, रकम जम्मा गर्दा रकम जम्मा गर्नुको उद्देश्य सहित संस्थाको प्यान/भ्याट नं. भौचरमा अनिवार्य खुलाउनु पर्नेछ ।

४. दरभाउपत्र दाताले कबोल गरेको दर रेट अंक अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५. प्रत्येक सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र फाराममा उल्लेखित शर्तहरु अध्ययन गरी पूर्णरुपले पालना गर्नु पर्नेछ ।

६. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फारम मात्र खरिद गर्नु पर्नेछ । साथै रीत नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन ।

७. खरीद गरिने सामानहरु दरभाउपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारका हुनु पर्ने छ । यदि स्पेशिफिकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त सामानहरु स्वीकार गर्न बाध्य हुने छैन ।

८. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन र समयमा दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने वा खोल्ने कार्य गरिने छ ।

९. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित नेपाल कानुन अनुसार हुने छ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

११. अन्य थप जानकारिका लागि हुलाक सेवा विभागमा कार्यालय समय भित्र सम्पर्क नं. ९८६१८३२८३० मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | ठेक्का नं. | विवरण | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र दर्ता गर्ने र खोल्ने मिति समय र स्थान | दरभाउपत्र फाराम खरिद मूल्य |
|---|---|---|---|---|---|
| १ | PSD/G/SQ-४/२०८१/८२ | कार्यालय संचालन सम्बन्धी मसलन्द तथा स्टेशनरी सामान | प्रथम पटक प्रकाशित मितिले १५औं दिन कार्यालय समय भित्र हुलाक सेवा विभागको जिन्सी शाखा | १६औं दिन दिनको १२:०० बजे भित्र दर्ता गर्ने र सोही दिन दिनको २:०० बजे हुलाक सेवा विभागमा खोलिने छ। | रु.१०००।- |

**हुलाक सेवा विभाग**
**ववरमहल, काठमाण्डौ**